कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: २ | वि.सं. २०८१ | बैशाख ३ सोमवार | नेपाल संवत: ११४४, चैत शुक्ल षष्ठी | Monday 15 Apr. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

### विवादै विवादको भुमरीमा प्रदेश अस्पताल

# लापरवाहीले बिरामी मारेको आरोप लाग्दा सँधै मौन

◣ओम शाही
सुर्खेत, २ बैशाख ।

● **घटना-१**

२२ असोज २०७८ मा दैलेखको नारायण नगरपालिका-४ कि साढे दुई वर्षिया बालिका कसुम कटुवाल कर्णाली प्रदेश अस्पाल सुर्खेतमा भर्ना भइन। नाकमा मकैको दाना अड्किएर श्वासप्रस्वासमा समस्या आएपछि थप जटिलता नहोस् भनेर परिवारले जिल्ला अस्पताल दैलेख पुऱ्याएका थिए।

तर, दैलेख अस्पतालमा उक्त मकैको दान निकाल्ने औजार नभएपछि प्रदेश अस्पताल सुर्खेतमा रेफर गरिएको थियो। परिवारका सदस्यले कुशुमको सहज उपचार हुने आशसहित प्रदेश अस्पताल पुऱ्याएका थिए।

किन भने प्रदेश अस्पतालमा स्तरीय उपचार हुने दावी गरिएको थियो। अस्पताल भर्ना गरिएकी कशुमलाई खासै समस्या नरहेको तर नाकमा अड्किएको मकैको दाना निकाल्न असहज भएको र आइसियु खाली नभएको भन्दै अस्पतालले त्रिवि शिक्षण अस्पताल लैजान सुझाएको थियो।

यद्यपी आइसियु खालि भएमा प्रदेश अस्पतालमै उपचार हुने आश्वासन अस्पतालले दियो। अस्पतालको आश्वासनमा परेका परिवारले नजिकै उपचार हुन्छ भने किन काठमाण्डौं लैजाने भन्दै आइसियु खालि हुने आशामा बसे। तर, २३ असोज २०७८ राति कुशमको उपचारमा संलग्न चिकित्सकहरुले अकास्मात उनको



मृत्युको घोषणा गरिदिए।

एकछिन अघिसम्म बोलचाल गर्ने बालिकाको एक्कासी मृत्यु भएको खबर पाएपछि आफन्तहरु अच्चमित भए। डाक्टरको लापरवाहीले मृत्यु भएको भन्दै आफन्तले विरोध जनाए। तर, अस्पताल मान्न तयार भएन। आक्रोसित आफन्तले अस्पताल भित्रका भौतिक संरचनामा तोडफोड गरे। बालिकाको उपचारका क्रममा ओभर डोज औषधी प्रयोग गरिएको आफन्तको आरोप थियो। उतिबेला बालिकाको अप्रेसन गर्नुअघि बेहोस बनाउन लगाईने एनएसथेसिया औषधीको मात्रा बढी दिएपछि मृत्यु भएको आफन्तको




आरोप थियो।

तर, अस्पतालले बालिकाका आफन्तले गरेको दावीको प्रतिवाद गर्न अनुसन्धान रिपोर्ट सार्वजनिक गर्न सक्यो न त मृत्युको कारण नै। उति बेला अस्पतालले बालिकाको मृत्यु प्रकणमा कुनै पनि अनुसन्धान रिपोर्ट सार्वजनिक नै नगरी घटना थामथुम पारेको आफन्तले अझै पनि आरोप लगाउने गरेका छन्।

## के भन्छ अस्पताल

बिहिबार घटेको घटनाको सन्दर्भमा अस्पतालले भिमाको मृत्युमा कुनै त्रुटि नरहेको भन्दै आफ्नो धारणा सार्वजनिक गरेको छ। तर, आफन्तहरुले अस्पतालको सो कुरा मान्ने पक्षमा देखिदैनन्।

अस्पतालले शनिवार जारी गरेको प्रेस विज्ञप्तीमा शल्यक्रियामार्फत पाठेघर सफा गरेपछि ओरल प्रग्नेन्सी अवस्थामा जटिल पल्मोनरी एम्बोलिसम देखापरेपछि बचाउन नसकिएको जनाएको छ।

'रगत बग्ने समस्या लिई आउनु भएकोमा भिडियो एक्सरे गर्दा पाठेघरमा सालको ट्यूमर देखिएको र सोको उपचारको लागि सोहि दिन प्रसुती वार्डमा भर्ना गरी बिशेषज्ञ चिकित्सकहरुको सल्लाह बमोजिम थप परिक्षण गरिएको अस्पतलाले दावी गरेको छ।

'मिति २०८०/१२/२९ का दिन एक पिन्ट रगत चढाए पश्चात पाठेघर सफा गर्नाको निम्ति अपरेशन थिएटर लगि सफा गर्ने कार्य पनि सपन्न भई सकेको अवस्थामा बिरामीमा ओरल प्रग्नेन्सीको एक गम्भिर जटिलता पल्मोनरी एम्बोलिसम देखा परेको र सोको पहिचान गरी विशेषज्ञ चिकित्सकको टिमले बचाउने भरमग्दुर प्रयास गर्दा गर्दै मिति २०८०/१२/२९ गते महिलाको मृत्यु हुन गएको व्यहोरा जानकारी गराउदछौं।' अस्पतालले सार्वजनिक विज्ञप्ती जारी गर्दै भनेको छ।

▶ बाँकी ४ पेजमा

## कर्णालीमा आगलागीबाट मानवीय क्षति बढ्दै

◣रासस
सुर्खेत, २ वैशाख ।

कर्णालीमा दुई साताभित्र आगलागीका कारण मानवीय क्षति बढेको छ। डोल्पा र हुम्लामा सामुदायिक वनमा लागेको आगोले मानवीय क्षति भएको हो। डोल्पाको ठुलीभेरी नगरपालिका-४ को मष्टा सामुदायिक वनमा आगो निभाउने क्रममा घाइते भएका तीनजना सैनिकको गत चैत २६ गते मृत्यु भएको थियो।

त्यस्तै डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-४ मा पर्ने सुँ सामुदायिक वन समूहमा लागेको आगलागीमा परी तीन बालकको मृत्यु भएको छ। गत बिहीबार आगलागी घटनामा परेका तीनैजना बालकको उपचारको क्रममा मृत्यु भएको प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद दाहालले बताए।

गाउँ नजिकै रहेको वनमा गुच्ची च्याउ टिप्न गएका तीनैजना बालक आगलागीमा परेर गम्भीर घाइते भएका थिए। उनीहरूलाई बचाउन सक्दो प्रयास गरे पनि नसकिएको वडा नं ४ का वडाध्यक्ष रञ्जित बुढाले बताए। एकै गाउँका तीन बालक आगलागीमा मृत्यु भएपछि सिङ्गो गाउँ शोकमा डुबेको छ। मृत्यु भएका मध्ये दुई बालक एकै घरका हुन्। त्रिपुरासुन्दरी नगरपालिकाले घाइते बालकहरूको उपचारका लागि हेलिकप्टरको व्यवस्था गरी काठमाडौं पुऱ्याएको थियो।

हुम्लाको दक्षिणी क्षेत्रमा रहेको सर्केगाड गाउँपालिका-८ रादेउमा एकजनाको जलेर मृत्यु भएको छ। गाउँभन्दा दुई घण्टाको दूरीमा रहेको कुरिल्ला लेखमास्थित आफ्नै भेडीगोठमा आगलागी हुँदा ५५ वर्षीय हर्के ऐडीको बिहीबार राति मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी निरीक्षक नरेन्द्र चन्दले आगलागीमा ऐडीको मृत्यु भएको बताउनुभयो। राति ऐडीले तापिरहेको आगोको झिल्का हावाले उडाउँदा भेडीगोठमा आगो लागेको थियो। सोही आगोमा परी ऐडीको मृत्यु भएको चन्दले बताए।

जलेर मृत्यु भएको जानकारी पाउनासाथ सर्किदेउ प्रहरी चौकीबाट आठ घण्टाको पैदल हिँडेर प्रहरी टोली राति घटनास्थल पुगेका थिए। भेडीगोठमा ६० वटा भेडा जलेर मरेका छन्। एक सय २० वटा भेडामध्ये ६० भेडा जलेको जिल्ला प्रहरी कार्यालय हुम्लाले जनाएको छ। मुगुको छायाँनाथ रारा नगरपालिकाभित्रका विभिन्न सामुदायिक वनमा आगलागी भएको छ।

रुकुम पश्चिमका सामुदायिक वनहरूमा पनि आगलागी भएको छ। आगो निभाउने वैकल्पिक उपाय नहुँदा समस्या भएको छ। हुरीको मौसम भएकोले वनमा लागेको आगो निभाउन कठिनाइ हुने गरेको छ।

## ज्वाला ट्रेडर्सको गोदाममा आगलागी



◣युग संवाददाता
सुर्खेत, २ बैशाख ।

वीरेन्द्रनगरको ज्वाला ट्रेडर्सको गोदाममा आगलागी भएको छ। आइतवार दिउँसो करिव २ बजेको समयमा आगलागी भएको हो।

गोदाममा लागेको आगलागी अहिले भने नियन्त्रणमा आएको छ। वीरेन्द्रनगर-६ खोर्केखोला नजिकै रहेको ज्याला ट्रेडर्सको गोदाममा लागेको आगो दुई घण्टापछि नियन्त्रणमा आएको हो।

आगो निभाउन वीरेन्द्रनगर नगरपालिकाको दमकल, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीयको सहयोगमा आयो नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाकारी दिएको छ।

आगालागीबाट भएको क्षतिको यकिन विवरण आइसकेको छैन्। आगलागीबाट गोदाममा राखिएको कलर, पाइप र नजिकै रहेको यज्ञपिस बोर्डिङ स्कुलमा क्षति पुगेको छ।

चार हजार लिटर क्षमताको नगरपालिकाको दमकलको पानी सकिएपछि आगो निभाउन नेपाल आयल निगमको दमकल, डिभिवन वन कार्यालयको ट्यांकर र नगरपालिकाको ट्यांकर समेत खटाइएको थियो। आगलागीको कारण भने खुलेको छैन्।

**डिपेन्डेन भिसा**

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला।

**सम्पर्क नं.:** ९७६९७७२९४४, ९७६९७७२९२३

EVEREST INFOSYS — a way ahead
PROFESSIONAL IT LEARNING CENTER
CAREER ORIENTED COURSES
MARKETABLE SKILLS FOR THE CREATIVES INDUSTRY
CERTIFICATE IN MS-OFFICE
CERTIFICATE IN GRAPHIC DESIGN
CERTIFICATE IN WEB DESIGN
CERTIFICATE IN FINANCE & BANKING
CERTIFICATE IN HARDWARE & NETWORKING
Birendranagar-6, New Road Surkhet
Contact : +97783-520243 / www.everestinfosys.com.np

NT Fiber Offer
पैसा उही SPEED २५०% सम्म
पहिले → अहिले
10Mbps → 25Mbps
20Mbps → 50Mbps
30Mbps → 50Mbps
40Mbps → 100Mbps (300MB Mobile Data per day)
80Mbps → 150Mbps
जति भन्छौं... त्यति दिन्छौं !
घरमै बसी बसी जडान तथा मर्मतको लागि: १९८ डायल गर्नुहोस्।
विस्तृत जानकारीको लागि: www.ntc.net.np
राष्ट्रको सञ्चार — नेपाल टेलिकम
www.ntc.net.np | instagram.com/nepaltelecomofficial | facebook.com/NepalTelecom.NT | /ndcl_nt

## सम्पादकीय....

# कर्णाली गौरवका आयोजनाको गति

कर्णालीमा थुप्रै गौरवका आयोजना धमाधम निर्माण भैरहेका छन् । जसले कर्णालीको विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । संघ तथ प्रदेश सरकारबाट बजेट व्यवस्थापन भएर कार्यान्वयन भैरहेका पाँच ठुला गेमचेन्जर परियोजना निर्माणका काम भैरहेका छन् । त्यसमध्येका भेरी-बबई डाईभर्सन, मदन भण्डारी राजमार्ग, प्रादेशिक रंगशाला लगायतका आयोजनाले कर्णाली प्रदेश र सिंगो देशलाई नै टेवा पुग्छ । गौरवका आयोजना मध्येका केही आयोजनाको काम लगभग अन्तिम चरणमा छन् भने कोही भर्खर सुरु भएका छन् । कोही सुरु हुँदै छन, यि सबै आयोजनाहरु समयमै सम्पन्न गरेर प्रदेशको, देशको समग्र विकासमा थप ईट्टा थप्ने काम गर्नुपर्छ ।

यि आयोजनाहरु सम्पन्न भएमा देशकै ठूलो राजमार्ग मदन भण्डारी राजमार्गले पूर्व पश्चिम जोड्ने काम गर्ने छ । स्थानीय स्तरमा उत्पादन भएका चिजहरुलाई बजारको लागी सो राजमार्गले ठूलो सहयोग हुने छ । जसका कारण थुप्रै स्थानीय युवाहरुले आफ्नै ठाँउमा रोजगारी पाउनेछन । त्यसैगरी कोहलपुर-सुर्खेत १३३ केभीए प्रशारण लाईन जब निर्माण सम्पन्न हुन्छ तव कर्णालीमा पनि ठुला उद्योग कलकारखाना खोल्न ठुला लगानीकर्ताले आँट गर्नेछन् । जहाँ मदन भण्डारी राजमार्गले सडकमार्गको काम सहज पार्नेछ । देशकै गौरवको आयोजना भेरी-बबई डाईभर्सनले हजारौं रेक्टर स्केल जमिनमा सिंचाईको काम गर्नेछ । जहाँबाट कर्णालीमा आवश्यक विद्युत उत्पादन हुनेछ र कर्णालीको अन्धकारलाई बिजुली बत्तिले झिलिमिली हुनेछ ।

त्यसैगरी सम्पूर्ण कर्णालीबासीको जिन्दगि पनि झिलिमिली हुने छ । तर सरकारको जुन तरिकाको सहयोग र खवरदारी हुनुपर्ने हो त्यो अपेक्षाकृत नभएको निर्माण जिम्मा पाएकाको गुनासो रहेको छ । जुन कार्यले देशकै गौरव बढाउने काम गर्छ त्यो कार्यमा सरकारको पनि सकारात्मक सहयोग हुनुपर्छ । किनकी जब सरकारकै तर्फबाट नकारात्मक सहयोगका क्रियाकलाप हुन्छ तब उसले आफ्नो व्यापार मात्र पनि हेर्दैन । उसलाई अभिभावक विहिन महसुस हुन्छ र उ त्यसै पनि निरास हुन्छ । तर कसले हेर्ने ? कसले बुझ्ने यस्ता कुरा ? के नियमन र सहयोगी निकायको भूमिका हुनुपर्ने जत्तिकै सहयोगपूर्ण र समन्वयात्मक रहेको छ त ? दैलेखको पेट्रोलियम पदार्थको उत्खननको लागि आएका मेसिनहरु कयौ दिन भन्सारमा थन्किए आएका मेसिनहरु पनि सडक गतिलो नहुँदा कोही बाटैमा दुर्घटनामा परे भने कुनै जेनतेन सम्बन्धित ठाउँसम्म पुगे ।

यसमा सरकारको पुरै नकारात्मक सहयोग बुझ्न जो कोहीले पनि सहजै सक्छ । जहाँ सरकारको सहयोग आवश्यक हुन्छ त्यहाँ आफ्ना स्वार्थ तेर्साएर सहयोगको सट्टा असहयोग गरेको देख्दा त त्यति धेरै आशा पनि राख्नुहुन्न सरकारसंग भन्ने लाग्छ । यसरी मदन भण्डारी राजमार्ग, कोहलपुर-सुर्खेत १३३ केभिए प्रशारण लाईन, राष्ट्रिय गौरवको आयोजना भेरी-बबई डाईभर्सन, दैलेखको पेट्रोलियम पदार्थको उत्खनन, सिमेन्ट र चुनढुङ्गाको उत्खनन लगायतका गौरवका आयोजना निर्माण सम्पन्न गर्नलाई व्यक्तिगत, सामाजिक, स्थानीय तह, प्रदेश र संघको तर्फबाट आ-आफ्नो ठाँउवाट सकारात्मक सहयोग गर्नु आवश्यक छ ।

## विदेश

# जर्मनीका चान्सलर स्कोल्ज चीन भ्रमणमा

**बेइजिङ, २ वैशाख (रासस/एएफपी)** ।

जर्मनीको सबैभन्दा ठूलो व्यापारिक साझेदारसँग आर्थिक सम्बन्ध विस्तार गर्ने उद्देश्यका साथ जर्मनीका चान्सलर ओलाफ स्कोल्ज आइतबार चीन भ्रमणमा गएका छन् । चिनियाँ सरकारी प्रसारक सीसीटीभीका अनुसार स्कोल्ज आइतबार बिहान मन्त्री तथा व्यापारिक फर्म, कम्पनी र सङ्घ संस्थाका कार्यकारी प्रमुख सम्मिलित ठूलो प्रतिनिधिमण्डलसहित चोङकिङ महानगरमा पुगेका हुन ।

पश्चिमा राष्ट्रहरूले बेइजिङमाथि दबाब बढाइरहेका बेला निर्यातका दृष्टिकोणबाट युरोपको विशाल अर्थतन्त्रले विश्वको दोस्रो ठूलो अर्थतन्त्रबाट छुट्टिनुपर्ने आह्वानलाई अस्वीकार गर्ने र बेइजिङसँग व्यापार गर्न प्रतिबद्ध रहेको उल्लेख गर्ने अपेक्षा गरिएको छ । तर, चीनप्रतिको उनको मित्रतापूर्ण पहलले उद्योगहरूका लागि बेइजिङको भारी अनुदानको विरोध गर्दै आएका वासिङ्टन र युरोपेली सङ्घ (ईयू)का साझेदारहरूबीच आक्रोश पैदा गर्ने जोखिम रहेको छ । "चीन जर्मनीका लागि वास्तवमै महत्वपूर्ण आर्थिक साझेदार रहेको छ", स्कोल्जले शुक्रबार पत्रकारहरूलाई भने, "उहाँले चीनमा जर्मन कम्पनीहरूको लागि चीनमा समान व्यवसायिक अवसरको खोजीको प्रयास गर्नुहुनेछ ।" भूराजनीतिक मोर्चामा, स्कोल्जले आफ्नो भ्रमणलाई चिनियाँ राष्ट्रपति सी चिनफिङलाई उहाँका रूसी समकक्षी भ्लादिमिर पुटिनलाई लगाम लगाउन र युक्रेनमा रूस युद्धको अन्त्य गर्न मद्दत गर्न आफ्नो प्रभाव प्रयोग गर्न पनि दवाव दिने अनुमान गरिएको छ ।

"चीन र रूसबीचको घनिष्ठ सम्बन्धलाई ध्यानमा राख्दै बेइजिङले रूसमाथि आफ्नो प्रभाव पार्न सक्ने सम्भावना छ," बर्लिनस्थित जर्मन सरकारी स्रोतले बताएको छ । चोङकिङ, साङ्घाई र बेइजिङको तीन दिने भ्रमणमा आउनुभएका जर्मन चान्सलर स्कोल्जको चान्सलरका रूपमा यो दोस्रो चीन भ्रमण हो ।

# इजरायलविरुद्धको इरानी आक्रमणको 'संयुक्त कूटनीतिक प्रतिक्रिया' दिइनुपर्ने : बाइडेन

**वासिङ्टन, २ वैशाख (रासस/सिन्ह्वा)** ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायलविरुद्ध इरानले गरेको आक्रमणको 'संयुक्त कूटनीतिक प्रतिक्रिया' का लागि आइतबार जी-७ राष्ट्रका नेताहरूसँग छलफल गरिने बताएका छन् । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूसँगको भेटपछि बाइडेनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "इरानको निर्लज्ज आक्रमणको 'संयुक्त कूटनीतिक प्रतिक्रिया'का लागि समन्वय गर्न म आफ्ना सहकर्मी जी-७ नेताहरूलाई सोमबार छलफलमा सहभागी हुन आग्रह गर्दछु ।"

नेतन्याहूसँग फोनमा बाइडेनले इजरायलको सुरक्षाका लागि अमेरिकाको प्रतिबद्धता दोहोर्‍याएका थिए । उनले भने, "आक्रमणको सामना गर्न र परास्त गर्न उल्लेखनीय क्षमता प्रदर्शन गरेको छ र यसले आफ्ना शत्रुहरूलाई स्पष्ट सन्देश दिएको छ । उनीहरूले इजरायलको सुरक्षालाई प्रभावकारी रूपमा खतरामा पार्न सक्दैनन् भन्नेकुरा मैले प्रधानमन्त्री नेतन्याहूसँगको टेलिफोन वार्तामा पनि भनेको छु ।"

बाइडेनले यमन, सिरिया र इराकबाट सञ्चालित इरानका सहयोगीहरूले हवाई मार्गबाट आक्रमण गरेको भन्दै ती आक्रमणको कडा शब्दमा निन्दा गरेका छन् । उक्त क्षेत्रमा रहेका अमेरिकी सेनाले इजरायललाई भित्रिने सबै ड्रोन र क्षेप्यास्त्र खसाल्न सहयोग गरेको राष्ट्रपति बाइडेनले बताए ।

बाइडेनका अनुसार शनिबारको आक्रमण अमेरिकी सेना र सुविधाहरूलाई लक्षित गरिएको थिएन । उनले भने, "अमेरिकी सेना 'सबै खतराहरूको लागि सतर्क रहनेछ र आफ्ना जनताको सुरक्षाको लागि सबै आवश्यक कदम चाल्न हिचकिचाउने छैन ।" गत अप्रिल १ मा दमास्कसस्थित इरानी वाणिज्य दूतावासमा इजरायली क्षेप्यास्त्र आक्रमणको बदलामा इरानले इजरायलमाथि क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको हो ।

# कर्णाली सभ्यतामा प्रचलित हाम्रा परम्परागत आवास र घरहरु

> "खर र ढुङ्गाको विकल्पमा जस्तापाताको प्रयोग गरेर निर्माण गरिएको घरको छाना हावाहुरीले उडाउन सक्ने जोखिम समेत रहेको हुन्छ ।



विरेन्द्र प्रकाश डि. सी.
bprakashdc99@gmail.com

बास बस्नको लागि निर्माण गरिएका संचनाहरुलाई घर भनिन्छ । जङ्गलमा बस्ने क्रममा हाम्रा पुर्खाहरु ओढार र रुखका स्याउलाको छाप्रोमा बस्ने गर्दथे । प्राचीन कालमा हाम्रा पुर्खाहरु बस्ने घर वा आवासलाई पर्णकुटी भनिन्थ्यो । स्याउलाको बार र स्याउलाकै छानो आदि भएको छाप्रो नै पर्णकुटी हो । पर्णकुटी नै हाम्रो पहिलो घर थियो । हाम्रा पुर्खाहरुले आफ्नै परम्परागत सीप, शैली र प्रविधिबाट माटो, ढुङ्गा, काठ, खर, बाँस इत्यादि सामाग्रीहरु प्रयोग गरेर घरहरु घरहरु निर्माण गर्ने गरेका थिए । हिन्दु धर्म सम्प्रदायमा आफ्नो कुल देवीदेवताको पूजा, दशैं र तिहार जस्ता चाडपर्वहरु मनाउनु अगाडी गाई भैंसीको गोबरले पोतेर चोख्याउने र त्यसमा रातो माटो, पहेलो माटो वा कमेरो माटोले घरहरु रङ्गाउने परम्परा समेत रहेको छ । हाम्रा केही प्राचीन मौलिक घरहरुबारे संक्षेपमा यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

● **छाने घर** : खरको छानोमा काठ, माटोको तला र ढुङ्गा, माटोको भित्ता भएको हाम्रो स्थानीय मौलिक कला, सिप र प्रविधिबाट निर्माण गरिएको परम्परागत घरलाई हाम्रो स्थानीय भाषामा छाने घर भनिन्छ । छाने घरहरु प्रायः एक वा दुई तलासम्मको हुने गर्दछन् । प्राचीन समयमा घर बनाउन आवश्यक औजार र सामग्रीहरुको अभावमा स्थानीय स्तरमा उपलब्ध बाँस, खर, ढुङ्गा, माटो, काठ इत्यादि समाग्रीहरु प्रयोग गरेर छाने घर बनाउने गरिन्थ्यो । छाने घरमा छानाको संरचना बनाउँदा घरको चुलीमा तीनवटा लामा काठका बला, बला माथि छानाको दुवैतर्फ करिब एक फुटको फरकमा जोडीमा बाँधिएका काठका डाँरीहरु, बाँसका सेटीहरु र सेटी र खर बाँध्नको लागि बाँसका बाता प्रयोग गरिएको हुन्छ । यस्तो घरमा बाहिरभित्र गर्न काठका ढोका, हावा र उज्यालोको लागि घरको भित्तामा झ्यालहरु राखिएको हुन्छ । छाने घरमा बास बस्ने, खाना पकाउने, पशु चौपायाहरु बाँध्ने, खाद्यवस्तु भण्डारण गर्ने लगायतका विभिन्न आवसीय काममा प्रयोग गर्ने गरिन्छ । मानवीय स्वास्थ्य र वातावरणीय दृष्टिकोणले यस्तो घरलाई मानव स्वास्थ्यमैत्री तथा वातावरणमैत्री र आर्थिक दृष्टिकोणले कम खर्चिलो हुने भएकोले गरीबमैत्री घर पनि मानिन्छ ।

● **ढुङ्गे घर** : ढुङ्गाको छानोमा काठ, माटोको तला र ढुङ्गा, माटोको भित्ता भएको हाम्रो स्थानीय मौलिक कला, सिप र प्रविधिबाट निर्माण गरिएको परम्परागत घरलाई ढुङ्गे घर भनिन्छ । ढुङ्गे घरहरु बढिमा प्रायः दुइ तलासम्मको हुने गर्दछन् । छाने घरमा आगलागी हुनसक्ने जोखिम हुने, वर्षातमा चुहिने समस्या हुने र हरेक वर्ष नयाँ खरले छानो छाउनु पर्ने समस्या हुने भएकोले हाम्रा पुर्खाहरुले ती समस्याहरुको भरपर्दो समाधानको खोजी गर्दै जाँदा खरको विकल्पमा ढुङ्गाको छानो बनाउने प्रविधिको विकास गरेका थिए । ढुङ्गे घरमा छानाको संरचना बनाउँदा घरको चुलीमा तीनवटा लामा काठका बला, बला माथि छानाको दुवैतर्फ करिब एक फुटको फरकमा जोडीमा ठोकिएका काठका मुस्कीहरु, पाखे दलिन, काठका दाँती, ढुङ्गा अड्याउन काठका चिर्पट र गिलो माटो प्रयोग गरिएको हुन्छ । यस्तो घरमा बाहिरभित्र गर्न काठका ढोका, हावा र उज्यालोको लागि घरको भित्तामा झ्यालहरु राखिएको हुन्छ । छाना छाउने ढुङ्गाको लागि खानीबाट निकालिएको ढुङ्गालाई छिनो, हतौडो र खुकुरीले पाता पाता हुने गरि उचित किसिमले काटछाँट गरेर आयताकार आकारमा मिलाएर तयार गरिएको हुन्छ । मानवीय स्वास्थ्य र वातावरणीय दृष्टिकोणले आधुनिक पक्की घरहरु भन्दा यस्तो घरलाई मानव स्वास्थ्यमैत्री तथा वातावरणमैत्री र आर्थिक दृष्टिकोणले कम खर्चिलो हुने भएकोले गरीबमैत्री घर पनि मानिन्छ ।

● **तले घर** : घरको भुईतला भन्दा माथिल्लो तहमा पनि बस्न, समानहरु राख्न सकिने उद्देश्यले विशेष गरी काठ, माटो र ढुङ्गाको प्रयोग गरेर बढिमा दुई तलासम्मको संरचनामा निर्माण गरिएको परम्परागत घरलाई तले घर भनिन्छ । यस्तो घरमा तलाको संरचना बनाउँदा काठको निराल, निरालको भार थाम्न निराल मुनिबाट थाम, निराल माथि दलिन, दलिन माथि चिर्पट, चिर्पट माथि गिलो माटो र गिलो माटो माथि सुख्खा माटो प्रयोग गरिएको हुन्छ । यस्तो घरको छानो प्रायः खरको वा खरको विकल्पमा ढुङ्गाको बनाउने गरिएको पाइन्छ । आजभोली खर र ढुङ्गाको विकल्पमा जस्तापाताले छाना छाउने प्रचलन बढेको छ । खर र ढुङ्गाको विकल्पमा जस्तापाताको प्रयोग गरेर निर्माण गरिएको घरको छाना हावाहुरीले उडाउन सक्ने जोखिम समेत रहेको हुन्छ ।

● **मट्टीथारो घर** : काठ र माटोको थारो भएको तर त्यसमाथि पानी तर्ने छानो नभएको घरलाई मट्टीथारो घर भनिन्छ । यस्तो घरमा काठको निराल र दलिन माथी चिर्पट राखेर त्यसमाथि पानी तर्काउन गिलो माटो र गिलो माटो माथि सुख्खा माटोको बाक्लो तह बनाइएको हुन्छ । यस्तो थारोमाथि पोतेर अन्न बिस्कुन सुकाउने, कलाउने खलो समेत बनाइएको हुन्छ । कर्णाली प्रदेशका जुम्ला, हुम्ला जिल्लाका गाउँबस्तीहरुमा यस्ता घरहरु हालसम्म पनि प्रचलनमा रहेको पाइन्छ ।

● **गोठ** : किसान, पशुपालन गर्ने सर्वसाधारण मानिसहरुले गाई, गोरु, भैंसी, भेडाबाख्रा आदि घरपालुवा पशु चौपायहरुको आवासको लागि निर्माण गरिएको परम्परागत घरलाई गोठ भनिन्छ । गोठ प्रायः खर वा परालको छानोमा काठ, ढुङ्गा र माटो आदिको प्रयोग गरेर भित्ता बनाइएको हुन्छ । गोठ बढिमा एक तलाको वा तला नै नभएको पनि हुन्छ । तला नभएको गोठमा काठका खम्बा गाडेर काठको संरचनामा छानो बनाइएको हुन्छ । वर्षातको समयमा पशु चौपायलाई पानीले नभिजाओस् भनेर यस्तो गोठमा बाँध्ने गरिन्छ ।

तला भएको गोठमा ढुङ्गा, माटोको गारो लगाएर त्यसमा झ्यालढोका समेत राखिएको हुन्छ । यस्तो गोठको भुई तलामा पशु चौपायहरु बाँध्ने र माथिल्लो तलामा मानिसहरु बस्ने वा घाँसपराल राख्ने गरिएको हुन्छ । हिउँदको जाडोमा पशु चौपायहरुलाई रातमा चिसो नहोस् भनेर यस्तो गोठभित्र बाँध्ने गरिन्छ ।

खेतीकिसानी गर्ने कतिपय किसानहरु वर्षातमा खेत रोप्न जिउला वा बैंसी तिर झर्ने र खेतको काम सकेर चाडपर्व मनाउन गाउँघर तिर फर्किने गर्दछन् । कतिपय किसानहरु आलु लगाउन र भित्र्याउन लेक तिर जाने र लेकको काम सकेर चाडपर्व मनाउन गाउँघरतिर झर्ने गर्दछन् । यसरी लेकबैंसी गर्ने किसानहरुले एकातिर घर र अर्कोतिर गोठ बनाउने र अस्थायी रुपमा बसोबास सरेर, पशुपालन र खेतीपातीको काम गर्ने हाम्रो पौराणिक परम्परा रहेको पाइन्छ ।

● **आँटी** : भर्खर भित्र्याइएको काँचो र ओसिला मकैका घोगा भण्डारण गर्न बनाइएको खरको छानो भएको परम्परागत काठे घरलाई आँटी भनिन्छ । आँटीलाई अर्को शब्दमा टाँड वा मचान पनि भनिन्छ । अन्य साधारण घरमा ओसिला ताजा मकैका घोगा थुपारेर भण्डारण गर्दा मकै बाफिने, ढुसी पर्ने र कुहिने समस्या हुने भएकोले त्यस्तो समस्याबाट मकै जोगाउन चारैतिरबाट हावा चल्ने र घाम समेत छिर्ने गरी सम्पूर्ण संरचनाहरुमा काठको प्रयोग गरेर आँटी बनाइएको हुन्छ । आँटीको माथिल्लो तलामा मकै भण्डारण गरिएको हुन्छ भने भुई तलामा प्रायः धान कुट्न ढिकीको संरचना जडान गरिएको हुन्छ ।

● **ठाँटी** : प्रचीन समयमा पाहुना, बटुवा, खेतमा काम गर्ने खेतालाहरुले विश्राम गर्न वा बास बस्न र सामानहरु राख्न माटो, ढुङ्गा र काठबाट बनेको साधारण घर, पाटी; पौवा आदिलाई ठाँटी भनिन्छ । ठाँटीको प्रयोग स्थान विशेष फरकफरक काममा हुने गर्दथ्यो । खेतको नजिकमा बनाइएको ठाँटी खेतीकिसानी कार्यसँग सम्बन्धित औजारहरु, घाँस, पराल इत्यादि राख्न, पानी परेको समयमा खेतालाहरु ओत लाग्न, खाना खान, बास बस्न, गाईगोरुहरु बाँध्न प्रयोग हुन्थ्यो भने, मुलबाटोको छेउमा बनाइएको ठाँटीमा बाटो हिड्ने बटुवाहरुले विश्राम गर्न, ओत लाग्न वा बास बस्न प्रयोग गरिन्थ्यो र गाउँमा बनाइएको ठाँटीमा पाहुनाहरुको लागि बासको व्यवस्था गर्न, घरयासी सामानहरु राख्न प्रयोग गर्ने गरिन्थ्यो । आधुनिक समयमा ठाँटीको अस्तित्व हराउदै गएको छ यसको विकल्पमा आजभोली बाटोघाटोमा प्रतिक्षालयहरु निर्माण गर्ने प्रचलन रहेको पाइन्छ ।

● **बाँके घर** : विशेष गरी दुई वा तीनवटा घरहरु लम्बाइको एक छेउबाट छड्के पारी एउटैमा गाँसिएको घरलाई बाँके घर भनिन्छ । यस्तो घरमा कोठाहरु धेरै हुने भएकोले ठुलो संयुक्त परिवार हुने गाउँका ठुलाबडा र धनि घरपरिवारमा यस्तो घर बनाउने प्रचलन रहेको पाइन्छ । यस्तो घरमा प्रायः बार्दली, पटाह, दलान, फलैँचा आदिको समेत व्यवस्था गरिएको हुन्छ ।

● **दरबार** : राजामहाराजाहरुको शासनकालमा राजा, राजपरिवार र अन्य भाइभारदारहरु सहितको निवास, बैठक, सभा, समारोह, राजसभाको लागि निर्माण गरिएको भव्य महललाई दरबार भनिन्छ । दरबारलाई राजदरबार, राजभवन, राजसदन, राजगृह पनि भनिन्छ । यस्ता दरबारहरुमा शयन कक्ष, आरामकक्ष, भोजन कक्ष, अतिथिकक्ष, श्रृङ्गारकक्ष, राजसभाकक्ष, भेटघाट तथा बैठक कक्ष, विशेष समारोह कक्ष, पूजाकक्ष, भण्डारकक्ष इत्यादि छुट्टाछुट्टै कोठाहरुको व्यवस्था गरिएको हुन्छ ।

*(लेखक : श्री शिशु जागरण माध्यमिक विद्यालय बागचौर न.पा.-९, खोरबारे सल्यानमा कार्यरत शिक्षक हुन्)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आज गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ । रमाइलो यात्राको योग रहेको छ । मित्रवर्गबाट सोचेजस्तो लाभ प्राप्त हुनेछ ।

**वृष** — आज राजनीति तथा समाजसेवामा जनताको साथ तथा समर्थन पाइने हुनाले सार्वजनिक पद पाउने योग रहेको छ । भौतिक सुख पनि मिल्नेछ ।

**मिथुन** — आज धार्मिक, सामाजिक महत्वको क्षेत्रको भ्रमण हुनसक्छ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । अध्ययन अध्यापन सफल रहेको छ ।

**कर्कट** — अल्छीपन र आलस्य नत्यागेमा आँटेको काममा सफलता नमिल्न सक्छ । आर्थिक कारोबारमा विवाद आउनेछ । खानपिनमा सचेत रहनुहोला ।

**सिंह** — रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ । प्रणयसम्बन्ध र रतिराग बढाउने समय छ । घरमा पाहुनाको आगमन हुने पनि छ ।

**कन्या** — आज आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । प्रतियोगितात्मक क्रियाकलापबाट लाभ मिल्नेछ । कार्यमा सफलता पनि पाइनेछ ।

**तुला** — आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ । विशिष्ट व्यक्तिको सहयोग पाइनेछ ।

**वृश्चिक** — सानातिना समस्यामा अल्झनुपर्नेछ । पाचनप्रणालीमा समस्या देखिनसक्छ । दुष्ट व्यक्तिको सङ्गतिले आत्मघाती कार्य गर्न पुगिएला सचेत रहनुहोला ।

**धनु** — आज साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । व्यापारबाट सोचेजस्तै लाभ प्राप्ति हुने योग पनि छ ।

**मकर** — विशिष्ट व्यक्तिको साथ पाइनेछ । आँटेको र ताकेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । परोपकारका क्षेत्रमा लगानीको समय छ ।

**कुम्भ** — न्यायिक कार्यमा सफलता मिल्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । परिवारमा रमाइलो जमघट हुनेछ र अभिभावकले सन्तुष्टि जनाउने छन् ।

**मीन** — आज निर्णय कार्यान्वयन हुन गारो होला । स्वास्थ्यमा समस्या आउन सक्छ, सचेत रहनु होला । जोशजाँगर र आत्मबलमा कमी आउनेछ ।

# वर्ष समीक्षा २०८०: दोस्रो चरणको आर्थिक सुधार प्रयासले सूचकमा सकारात्मक सङ्केत

**राष्ट्रिय समाचार समिति (रासस)**
**काठमाडौँ, २ वैशाख ।**

कोभिड-१९ महामारीयता तङ्ग्रन नसकेको मुलुकको अर्थतन्त्रमा २०८० सालमा केही सुधारको सङ्केत देखिएपनि शिथिलता अझै कायमै छ। मुलुकको अर्थतन्त्रले वृद्धिको लय समातेर पूर्ण तन्दुरुस्ती पाउन सकेको छैन। आर्थिक सूचकहरूमा सामान्य बाहेक उल्लेख्य प्रगति देखिएन।

बाह्य सूचकहरू सहज अवस्थामा पुगेपनि सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्र भने चुनौतीपूर्ण देखियो। आन्तरिक बजार मागको सङ्कुचनले अर्थतन्त्र अपेक्षित रूपमा चलायमान हुन सकेन। बैंक-वित्तीय संस्थामा पर्याप्त तरलता हुँदा र ब्याजदर घट्दासमेत कर्जा लगानी सुस्त देखियो। चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र वार्षिक बजेटले अर्थतन्त्र सुधारका लागि केही नीतिगत, प्रणालीगत र प्रक्रियागत प्रयास थालेको भएपनि त्यसको नतिजा भने औसतभन्दा कमजोर नै देखियो। वार्षिक छ प्रतिशतको आर्थिक वृद्धिदर करिब आधा मै खुम्चियो भने अन्य सूचकहरू पनि तात्विक सुधार देखिएन।

### आर्थिक वृद्धिदर

चालु आर्थिक वर्षको बजेटमार्फत् सरकारले छ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य राखेको थियो। तर आवको तेस्रो त्रैमासिक समीक्षाअवधिसम्ममा उक्त वृद्धिदर हासिल गर्न सक्ने पर्याप्त आधारहरू देखिएका छैनन्। विश्व बैंकले केही दिनअघि मात्र सार्वजनिक गरेको 'नेपाल डेभलपमेन्ट अपडेट, अप्रिल २०२४' अनुसार सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर एक दशमलव नौ प्रतिशत रहेकोमा सन् २०२४ मा तीन दशमलव तीन प्रतिशत रहने अनुमान गरिएको छ। त्यस्तै, एसियाली विकास बैंक (एडिबी) ले नेपालको आर्थिक वृद्धिदर सन् २०२४ मा तीन दशमलव छ प्रतिशत रहने अनुमान सार्वजनिक गरेको छ। सरकारले वार्षिक बजेटमा राखेको वृद्धिदरको अनुमानभन्दा विश्व बैंक र एडिबीले गरेको वृद्धिदरको अनुमान करिब आधा छ।

### राजस्व सङ्कलन र बजेट खर्च

गतवर्षको तुलनामा यसवर्ष सरकारी बजेट खर्च केही घटेको छ भने राजस्व सङ्कलन बढेको छ। चालु आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले कुल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो। महालेखा नियन्त्रक कार्यालयका अनुसार चालु आवको तेस्रो त्रैमासिक अर्थात् चैत मसान्तसम्मको कुल बजेट खर्च वार्षिक विनियोजनको ५१ दशमलव ९३ प्रतिशत अर्थात् रु नौ खर्ब नौ अर्ब ३९ करोड १४ लाख बराबर रहेको छ। गत आर्थिक वर्ष २०७९/८१ का लागि कुल रु १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबरको बजेट ल्याइएको तेस्रो त्रैमासिक अवधिसम्ममा वार्षिक विनियोजनको ५२ दशमलव ५७ प्रतिशत अर्थात् रु नौ खर्ब ४३ अर्ब पाँच करोड १६ लाख बराबर खर्च भएको देखिन्छ।

गतवर्षको तुलनामा बजेट खर्च केही कम देखिँदा राजस्व सङ्कलनको अवस्था भने केही बढेको देखिन्छ। चालु आर्थिक वर्षका लागि कुल रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजस्व सङ्कलन गर्ने सरकारी लक्ष्य छ। चैत मसान्तसम्ममा वार्षिक लक्ष्यको ५२ दशमलव पाँच प्रतिशत अर्थात् रु सात खर्ब ७३ अर्ब तीन करोड ६६ लाख असुली भएको छ। गत आर्थिक वर्षका लागि कुल रु १४ खर्ब ५८ अर्ब ६० करोड राजस्व उठाउने लक्ष्य रहेकोमा चैत मसान्तसम्ममा ४९ दशमलव ६७ प्रतिशत अर्थात् रु सात खर्ब २४ अर्ब ४७ करोड बराबर राजस्व उठेको देखिन्छ।

### सार्वजनिक ऋण

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयकाअनुसार गत आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा कुल सार्वजनिक ऋण रु २१ खर्ब छ अर्ब छ करोड बराबर थियो। जसमध्ये आन्तरिक ऋण रु १० खर्ब ३६ अर्ब ९३ करोड ५१ लाख र बाह्य ऋण रु १० खर्ब ६९ अर्ब १२ करोड बराबर थियो। पछिल्ला ११ महिनामा मात्र रु दुई खर्ब ८२ अर्ब २० करोड बराबर सार्वजनिक ऋण थपिएको छ। ऋण व्यवस्थापन कार्यालयका अनुसार गत फागुन समान्तसम्ममा सार्वजनिक ऋण रु २३ खर्ब ८८ अर्ब २६ करोड बराबर छ। जसमध्ये आन्तरिक ऋण रु ११ खर्ब ८५ अर्ब ५२ करोड ६६ लाख र बाह्य ऋण रु १२ खर्ब दुई अर्ब ७३ करोड ७७ लाख बराबर छ।

### मुद्रास्फीति

आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति छ दशमलव पाँच प्रतिशतको बाञ्छित सीमाभित्र रहने गरी मौद्रिक व्यवस्थापन गरिने नीति नेपाल राष्ट्र बैंकले लिएको थियो। राष्ट्र बैंकका अनुसार मुद्रास्फीति अहिले बाञ्छित सीमाभित्रै छ भने गतवर्षको तुलनामा केही घटेको छ। चालु आर्थिक वर्षको फागुन समान्तसम्ममा वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत छ। जबकि, गतवर्ष चैत मसान्तमा वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति सात दशमलव ७६ प्रतिशत थियो।

### शोधनान्तर स्थिति

२०७९ साल चैत मसान्तसम्ममा शोधनान्तर स्थिति रु एक खर्ब ८० अर्ब १७ करोडले बचतमा थियो। चालु आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्ममा शोधनान्तर स्थिति रु तीन खर्ब २७ अर्ब ५५ करोडले बचतमा रहेको राष्ट्र बैंकको तथ्याङ्कबाट देखिन्छ। यसवर्ष उल्लेख्य शोधनान्तर बचत तर कर्जा प्रवाह शिथिल रहेकाले मौद्रिक तरलता बढेको छ। बैंकिङ प्रणालीमा तरलता स्थिति सहज भएको छ भने अल्पकालीन एवम् दीर्घकालीन ब्याजदरहरू निरन्तर घटिरहेका छन्।

### ब्याजदर

गत वैशाखको तुलनामा फागुन महिनासम्म पुग्दा बैंक तथा वित्तीय संस्थाको ब्याजदर घटेको छ। २०८० वैशाखमा ट्रेजरी बीलको भारित औसत ब्याजदर नौ दशमलव ६६ प्रतिशत रहेकोमा गत फागुन सम्म घटेर तीन दशमलव ०२ प्रतिशत कायम भएको छ। त्यस्तै, वाणिज्य बैंकहरूबीचको अन्तर-बैंककारोबारको भारित औसत ब्याजदर गत वैशाखमा सात दशमलव ०१ प्रतिशत रहेकोमा गत फागुनसम्म आइपुग्दा दुई दशमलव ९२ प्रतिशतमा झरेको छ।

वाणिज्य बैंकहरूको औसत आधारदर २०८० वैशाखमा १० दशमलव २७ प्रतिशत रहेकोमा फागुन मसान्तसम्ममा छ दशमलव ७४ प्रतिशत कायम भएको छ। त्यसैगरी, गत वैशाखमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर आठ दशमलव ०८ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२ दशमलव ६५ प्रतिशत रहेकोमा गत फागुनसम्म आइपुग्दा निक्षेपको भारित औसत ब्याजदर छ दशमलव ७४ र कर्जाको भारित औसत ब्याजदर १० दशमलव ७८ प्रतिशत रहेको छ। ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंकले गत फागुनदेखि स्थायी निक्षेप सुविधालाईकार्यान्वयनमा ल्याएको थियो।

# जुम्ला-रारा अल्ट्रा म्याराथनको उपाधि धिर बुढालाई



**युग संवाददाता**
**जुम्ला, २ वैशाख ।**

जुम्ला रारा अल्ट्रा म्याराथन प्रतियोगिता उपाधि धिर बुढाले जितेका छन्। जुम्लादेखि मुगुको रारातालसम्म ४९ किलोमिटर दौडमा कनकासुन्दरी गाउँपालिका-१ का धिर बुढा पहिलो भएको आयोजकले जनाएको छ।

कर्णाली स्पोर्टस् क्लव जुम्लाद्वारा आयोजित पाँचौं संस्करणको जुम्ला-रारा अल्ट्रा म्याराथनमा दोस्रो स्थानमा तातोपानी गाउँपालिका-७ का दल कुवर भएका छन् भने कनकासुन्दरी-३ का शेरबहादुर बुढा तेस्रो र कनकासुन्दरी-२ का चन्द रावत चौथो भएको आयोजक क्लवका अध्यक्ष सरोज शाहीले जानकारी दिए।

सोही दूरीको महिलातर्फको दौडमा भने खोटाङकी प्रिया राई पहिलो, जुम्लाको गुठिचौर गाउँपालिकी राज्यलक्ष्मी रावत दोस्रो, तिला गाउँपालिकाकी अनिता बुढा तेस्रो भएका छन्। पहिलो हुने धावकलाई रु एक लाख, दोस्रो हुनेलाई रु ७५ हजार, तेस्रो हुनेलाई ५० हजार, चौथो हुनेलाई रु २० हजार र पाँचौं हुनेलाई रु २० हजार पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिएको क्लबका अध्यक्ष शाहीले जानकारी दिए।

म्याराथनमा स्वदेशी र विदेशी गरी ८० धावकहरू सहभागी थिए। जुम्ला-रारा अल्ट्रा म्याराथनतर्फ खुला ४९ किमी, खुला पाँच

# भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर

**युग संवाददाता**
**काठमाडौँ, २ वैशाख ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानेपानी तथा ऊर्जा विकास कार्यालय मुगुका कार्यालय प्रमुख राजिव रिमालसमेत पाँच जना विरुद्ध गैरकानुनी लाभ हासिल गरी भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर गरेको छ।

आर्थिक वर्ष २०७८/७९ मा मुगुको सोरु गाउँपालिका-५ को नेर सिँचाइ आयोजनाको पाइपलाइन कार्य एक हजार सात सय मिटर हुनुपर्नेमा आधा मात्रै काम गरी पाँच लाख ६१ हजार चार सय ८१ बराबरको रकम बढी भुक्तानी गरेको पाइएको छ।

आयोगले कार्यालय प्रमुख रिमाल, सवइञ्जिनीयर नरबहादुर लावड, उपभोक्ता समितिका अध्यक्ष तेजबहादुर शाही, उपाध्यक्ष हिराबहादुर शाही र सचिव तीर्थबहादुर शाही विरुद्ध पाँच लाख ६१ हजार चार सय ८१ बराबरको बिगो माग दाबी गरेको छ। आरोपीलाई बिगो बमोजिम कारबाहीको माग गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।


श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, सानोजात्री
भेरीगंगा न.पा.-९, सुर्खेत

## गोप्य सिलवन्दी पत्र आव्हान सम्वन्धमा

**मितीः २०८०/१२/३०**

उपरोक्त सम्बन्धमा यस विद्यालयमा अध्ययनरत विद्याथीहरुका लागी विद्यार्थी परिचय पत्र, झोला (कक्षा १-३), विद्याथी पोशाक एवं जुत्ता कपडाको कालो-सेतोमा, न्युनतम दररेटमा उपलब्ध गराउन इच्छुक विक्रेता वा कम्पनिहरुबाट आजका मितिले पन्ध्र दिन भित्र निवेदन दिने गरी गोप्य सिलवन्दी पत्र आव्हाण गरिन्छ।

**नोट :**
एक प्रति नमुना फोटो र निवेदन रु.५०० (पाँच सय रुपैयाँ) यस विद्यालयको कृषि विकास बैंक लिमिटेडको खाता नं. ०७२१००१२८५८०४०१६ मा जम्मा गरेको बैंक भौचर पेस गरे पछि विद्यालयबाट अनुमती प्राप्त गर्न सकिने छ।

**सम्पर्क नम्वर :**
**प्र.अ.:** ९८४८३७६८८६ **वि.व्य.स. अध्यक्ष:** ९८४८२२६३०३
**शि.अ.सं. अध्यक्ष :** ९८६६९५७८८१ **लेखापाल :** ९८४४८१६७८३

**पदम बहादुर वली**
**(प्रधानध्यापक)**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०१/०३)**

यस सुर्खेत एजुकेशन डेभलपमेन्ट एकेडेमी (सेडा) प्रा.लिमा निम्न अनुसार शिक्षक आवश्यक परेकाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट रितपूर्वक आवश्यक कागजात सहित दरखास्त पेश गर्न आव्हान गरिन्छ।

**विज्ञापन नं. : ०१/२०८०/०८१**
**पद :** पूर्व आधारभुत तह शिक्षक
**आवश्यक संख्या :** २ (दुई) जना
**आवश्यक न्यूनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ उत्तिर्ण।
**अन्य वाञ्छनिय योग्यता :**

- सम्बन्धित तहमा कम्तीमा २ वर्ष अध्यापन गरेको अनुभव।
- मन्टेश्वरी तालिम प्राप्त गर्नुका साथै ग्रेड टिचिङ सम्बन्धी ज्ञान भएको।
- अंग्रेजी माध्यममा अध्यापन गर्न सक्ने।
- कम्प्यूटर सम्बन्धी ज्ञान भएको।

**उमेरको हद :** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ।
**दरखास्त दस्तुर :** रु ५००। (पाचं सय रुपैया मात्र)।

**विज्ञापन नं. : ०२/२०८०/०८१**
**पद :** निम्न माध्यामिक तह शिक्षक
**आवश्यक संख्या :** २ (दुई) जना
**आवश्यक न्यूनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण।
**विषय :** विज्ञान (१), गणित (१)
**अन्य वाञ्छनिय योग्यता :**

- सम्बन्धित तहमा कम्तीमा २ वर्ष अध्यापन गरेको अनुभव।
- अंग्रेजी माध्यममा अध्यापन गर्न सक्ने।
- कम्प्यूटर सम्बन्धी ज्ञान भएको।

**उमेरको हद :** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ।
**दरखास्त दस्तुर :** रु ७००। ( सात सय रुपैया मात्र )।

**दरखास्त पेश गर्ने अन्तिम मितिः** २०८१।०१।०९ गते आइतवार कार्यालय समय भित्र
**सम्पर्क मिति :** २०८१।०१।१० गते सोमवार
**परिक्षाको मिति र समय :** सम्पर्क मितिमा जानकारी गराईनेछ
**नोट :** सर्टलिस्टमा छनौट भएका उम्मेदवारहरुलाई मात्र परिक्षा तथा अन्तर्वार्तामा समावेश गराइनेछ। छनौट सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।

**सुर्खेत एजुकेशन डेभलपमेन्ट एकेडेमी (सेडा) प्रा.लि.**
**वीरेन्द्रनगर-१०, सुर्खेत**
**सम्पर्क : ०८३-५२५२१०**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**जाजरकोट बहुप्राविधिक शिक्षालय**
भेरी न.पा.-०५, काफलचौर, जाजरकोट

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति : २०८१/०१/०३**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् को आंगिक शिक्षालयको रुपमा संचालित यस जाजरकोट बहुप्राविधिक शिक्षालय काफलचौर, जाजरकोटको कर्मचारि आवासगृह निर्माण सम्बन्धिकार्यको लागियुग आह्वान राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम म्याद भित्र प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राी देखिएको हुंदा उक्त बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्रं सं. | कामको विवरण | ठेक्का नं. | सूचना प्रकाशित मिति | बोलपत्रदाताहरुको नाम ठेगाना | कबोल गरेको रकम (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|---|
| 1 | Construction of Staff Quarter Building of Jajarkot Polytechnic Institute, Kafalchaur, Jajarkot. | CTEVT/TEVT/JPI/080/081-Civil-01 | २०८१/०१/०३ | New Bulbule Nirman Sewa, Birndranagar-12,Surkhet | रु ३३,५७,३९९.११ |

**शिक्षालय प्रमुख**

**वनगाड कुपिण्डे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**देवस्थल, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

## सिलवन्दी दरभाउ पत्र स्विकृत गर्ने आसय सम्बन्धी सूचना

यस कार्यालयवाट मिति २०८०/१२/०८ गतेको सूचना अनुसार पेश भएका सिलवन्दि दरभाउ पत्रको प्राबिधिक तथा आर्थिक मूल्यांकन पश्चात तपशिल वमोजिमका प्रस्तावहरु सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम मूल्याकिंत रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

| क्र.स | कामको विवरण | कार्यको नाम | निर्माण कम्पनी | मू.अ.क सहितको कवोल अंक |
|---|---|---|---|---|
| १. | BAKUNAPA/SQ/WORKS-21-2080/081 | Construction of Pipal Rukh to Biurana Road | Janak Nirman Sewa, Kumakha-04, Salyan | १०,०२,७९८.४४ |
| २. | BAKUNAPA/SQ/WORKS-22-2080/081 | Ne Ra Pra Vi Bhawan Marmat Tatha Gherbar | Samrachana Builders,Surkhet | १०,०८,८४६.०३ |
| ३. | BAKUNAPA/SQ/WORKS-23-2080/081 | Construction of Rautala-Rampur-Pokhari to sal Ghareli Road | Balan Brothers Construction and Suppliers Pvt.Ltd | ७,०६,१९३.०० |
| ४. | BAKUNAPA/SQ/WORKS-24-2080/081 | Construction of Sotakhola Irrigation Canal | Deep Drishti Construction and Suppliers Pvt.Ltd | ९,३६,१५६.९३ |
| ५. | BAKUNAPA/SQ/WORKS-25-2080/081 | Upgrading Of Sunauli Bangad Campus Road | Janak Nirman Sewa, Kumakha-04, Salyan | ११,१९,०५४,०.५ |

प्रमुख प्रशासकीय अधिकृत

**Government of Nepal (GoN)**
**Khajura Rural Municipality, Banke**

## Invitation for Bids for the supply and delivery of sanitary pads at Khajura Rural Municipality

**Contract Identification No: KRM/NCB/GOODS/33/2080-81**
**Date of publication: 14-04-2024 00:00**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for supply and delivery of sanitary pads at Khajura Rural Municipality (IFB No: KRM/NCB/GOODS/33/2080-81). Bidding is open to all eligible Bidders.[defined in the guidelines]
2. The Khajura Rural Municipality,Banke invites sealed and or electronic bids from eligible bidders for the procurement of supply and delivery of sanitary pads at Khajura Rural Municipality under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Khajura Rural Municipality,Banke Khajura Rural Municipality, Nepalgunj, Banke Lumbini Province Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the following bank/office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3000.0 NRs till 14-05-2024 12:00.
   **Name of the Bank:** NIC Asia Bank Ltd.
   **Name of the Office:** Khajura Rural Municipality,Banke
   **Office Account no:** ga.1.1(1112051498621003)
5. Pre-bid meeting shall be held at : Khajura Rural Municipality, Banke Lumbini Province Nepal at 28-04-2024 12:00.
6. Sealed or Electronic bids must be submitted to the office Khajura Rural Municipality,Banke Lumbini Province Nepal through PPMO website www.bolpatra.gov.np. on or before 14-05-2024 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-05-2024 14:00 hours at the office of Khajura Rural Municipality,Banke Lumbini Province Nepal Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 90000.0NRs which shall be valid for 30 days beyond the validity period of the bid. Bid Security(Cash/BidBond) shouldbe deposited in Dharauti Khata of Khajura Rural Municipality, Banke. Account Name: Dharauti Khata
8. Account Number: ga.3.(B141498621524004) Name of the Bank :NIC Asia Bank ,Khajura ,Banke
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

## लापरवाहीले...

● **घटना–२**

२९ भदौं २०८० मा सुर्खेतको पञ्चपुरी नगरपालिका-२, स्थायी ठेगाना भई वीरेन्द्रनगर नगरपालिका-४, बस्दै आएकी जानकी रेग्मीलाई सुत्केरी बेथाले च्यापेपछि प्रदेश अस्पतालको प्रसुति वार्डमा भर्ना गरियो।

उनी सोही दिन प्रसुति वार्डमा सुत्केरी भएकी थिइन्। सुत्केरी भए पश्चात एक्कासी समस्या देखापेपछि उनलाई अप्रेसन वार्डमा लगेर शल्यक्रिया गरियो। तर, ३१ भदौंमा अस्पतालले उनलाई एक्कासी मृत्युको घोषणा गरिदियो।

'छोरा जन्मेपछि बुहारीलाई जनरल वार्डमा राखियो, त्यति बेलासम्म अवस्था सामान्य थियो', मृतक जानकीका सुसुरा तिलकराम अधिकारी भन्छन्, 'छोरालाई दूधसमेत खुवाएकी थिइन्, सोही वार्डमा एक्कासी बेहोस भइन्, अनि उनलाई आइसियुमा राखिएकी बुहारीलाई अस्पतालले एक्कासि मृत घोषणा गरिदियो।' बच्चा जन्माएको २४ घण्टामा सुत्केरीको मृत्यु हुनु अस्पतालको लापरबाही प्रमुख कारण रहेको अधिकारीको बुझाई छ। 'प्रदेश राजधानीको सुविधा सम्पन्न अस्पतालमा आउँदा पनि सुत्केरी सुरक्षित हुन नसक्नु आफैमा विडम्बना हो,' उनी भन्छन्, 'के कारणले मृत्यु भएको हो भन्ने अस्पतालले अहिलेसम्म पनि स्पष्ट जवाफ दिन सकेको छैन।'

अस्पतालले सुत्केरी अवस्थामा गरिने अप्रेसनमा विरलै घट्ने नयाँ घटना भएको जवाफ दिए पनि अधिकारीले अस्पतालको लापरवाहीले नै आफ्नी बुहारीको मृत्यु भएको दावी गरे।

● **घटना–३**

केही दिनअघि पश्चिम दैलेखको आठबिस नगरपालिका-५, पिपलकोटकी २२ बर्षीया भिमा गुरुङ बलामी पेट दुखेको भन्दै उपचारका लागि सुर्खेत आइन। उनी सामान्य चेकजाँचका लागि मात्रै सुर्खेत आएकी थिइन्।

वीरेन्द्रनगरको एक निजी अस्पतालमा सामान्य चेकजाँच गराउँदा पाठेघरमा केही समस्या भएको देखियो। त्यस पश्चात उनी देशकै उत्कृष्ट मानिएको प्रदेश अस्पताल जाने निधो गरिन्। बुधबार बिहानै उनी अस्पताल भर्ना भएकी उनी हिँडेर आफैं अस्पताल पुगेकी थिइन्। अस्पतालमा चेकजाँच गराउँदा चार महिनाअघि प्रसुति गराउँदा बखत् पाठेघरमा केही सालनाल रहेको चिकित्सकहरुले जानकारी दिए। भिमाको पेटमा केही महिनाको बच्च समेत थियो।

शल्यक्रिया गरेर पाठेघर सफा गर्नुपर्छ भनेका चिकित्सकले केहिबेरमै भिमालाई मृत घोषणा गरिदिए। शल्यक्रियापछि भिमा निको हुने आशा बसेका उनका आफन्त एक्कासी मृत्युको खबर पाएपछि भस्किए। उक्त घटनापछि भिमाका आफन्त चार दिनदेखि वीरेन्द्रनगरमा आन्दोलन गरिरहेका छन्। घटनाको विरोधमा आइतबार दैलेखको आठबिस नगरपालिका-५, स्थित कर्णाली राजमार्ग अवरुद्ध गरेर आन्दोलन जारी राखेका छन्। दैलेखका डिएसपी सुनिल दाहालले सुर्खेतको घटनापछि मृतकका आफन्तहरुले आन्दोलन गर्दै राजमार्ग अवरुद्ध गरको जानकारी दिए।

'हामी बाहिर बसिरहेको थियौं, एक्कासी शव बुझ्न भनेपछि, हामी त अचम्मित भयौं,' उनले भने, 'हिँडेर अस्पताल गएकी भाई बुहारीको एक्कासी शव बुझ्न भन्दा पत्याउन सकिने कुरै थिएन।'

अस्पतालले दिउँसो तीन बजेतिर मृत घोषणा गरेको थियो। उनका अनुसार परिवारलाई भेट्नै नदिई एक्कासी रगत अभाव भयो भन्दै रगत मगाएको र केही समयमै मृत घोषणा गरिएको थियो।

आफन्तहरुले डाक्टरहरुको लापरबाहीका कारण नै उनको मृत्यू भएको भन्दै आन्दोलन गरिरहेका छन्। 'यो प्रदेश अस्पतालले सामान्य पेट दुखेको मान्छेलाई उपचार गर्न नसकेर मार्छ भने प्रदेश अस्पताल कस्का लागि र किन,' जेठाजु हर्क बलामी भन्छन्, 'तत्काल छानबिन गरी यस्ता गैरजिम्मेवारी डाक्टरहरुलाई बर्खास्तसँगै कानुनी कारबाही गर्नुपर्छ भन्ने हाम्रो माग हो।' भिमाको मृत्यू भएसँगै अस्पतालमा प्रहरी परिचालन भएको छ भने परिवारले शव बुझ्न मानिरहेका छैनन। उचित क्षतिपुर्तीसहित छानविनको माग आफन्तहरुले वीरेन्द्रनगरस्थित यरीचोकमा आन्दोलन गरिरहेका छन्। भिमाको मृत्यु भएपछि करिव ९ महिने बालिकाको बिचल्ली भएको छ। मृतक भिमाका आफन्त शुक्रबारदेखि सडक आन्दोलनमा छन्। उल्लेखित यी घटना देशकै सेवा प्रवाहमा उत्कृष्ट भनिएको कर्णाली प्रदेश अस्पताल सुर्खेतमा सामान्य अवस्थामा पुगेपछि अस्पतालको लापरवाहीले मृत्यु वरण गरेको भनि आफन्तद्वारा आरोप लगाइएका प्रतिनिधिमुलक घटना हुन्।

पछिल्लो समय कर्णालीको स्वास्थ्य मेरुदण्ड मानिएको प्रदेश अस्पताल विवादमा तानिदै जान थालेको विभिन्न समयमा हुने विरामीको मृत्यु र आफन्तले लगाउने आरोपले पुष्टि गर्छ।

उपचारका लागि अस्पताल आउने विरामीको मृत्यु भएपछि आफन्तले लगाउने आरोपका सन्दर्भमा प्रदेश अस्पतालले त्यस्ता घटनामा अनुसन्धान गरी चित्त बुझ्दो जवाफ सार्वजनिक गर्न नसक्नु अस्पतालको ठुलो कमजोरी रहेको आफन्तहरुले आरोप लगाउँदै आएका छन्।

## के भन्छ...

तर, विरामीका आफन्तले अस्पतालको लापरवाही नै भएको भन्दै छानविन गरी उपचारमा संलग्न चिकित्सकलाई कारवाही, उचित क्षतिपूर्तिसहित बालिकाको सुरक्षा र पालनपोषणको पूर्ण व्यवस्थापन नभएसम्म मुतकको शव नबुझ्ने बरु सडक संघर्षलाई थप चर्काउने चेतावनी दिदै आएका छन्।

यता प्रदेश अस्पतालले पीडित पक्षसँग छलफल गरी विवाद समाधान गर्ने प्रयास जारी रहेपनि निस्कर्ष निस्कन नसकेको कर्णाली प्रदेश अस्पताल सुर्खेतका सूचना अधिकारी विनोद बस्नेतले बताए।

'पाठेघर सफा गर्न आउनु भएकी उहाँको एक्कासी जटिल समस्या देखापरेपछि बचाउन नसकिएको हो,' उनले भने, 'उहाँहरुले आन्दोलन गरिरहनु भएको छ, हामीले छलफलमार्फत विवाद समाधान गर्न खोजिरहेका छौं, उहाँहरु उचित क्षतिपूति, बालिकाको पालन पोषणको ग्यारेण्टी तथा उपचारमा संलग्न चिकित्सकलाई कारवाहीको माग राख्नु भएको छ, यो अस्पतालले पुरा गर्न सक्ने विषय पनि रहेन।'

आफन्तहरुले अस्पतालका विरुद्धमा आन्दोलन चर्काउदै जादा नियामक निकायले विवाद समाधानमा चासो नदिदा आन्दोलन अराजकतातर्फ उन्मुख हुने जोखिम बढेको छ।

## जुम्ला...

किमी, बालबालिकास्तरीय एक किमी, विद्यालयस्तरीय पाँच किमी, ज्येष्ठ नागरिक, बुबाआमा दौड एक किमी, कर्मचारीस्तरीय पाँच किमी र उद्योग तथा व्यापारीस्तरीय पाँच किमी दौड प्रतियोगिता भएको क्लबले जनाएको छ।

विश्वभर खेल पर्यटनलाई चिनाउनका लागि र कर्णाली प्रदेशलाई खेलका माध्यमबाट परिचित गर्ने उद्देश्यले म्याराथन आयोजना गरिएको कर्णाली स्पोर्टस् क्लबले जनाएको छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनाय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री सुरेन्द्र बहादुर शाही धनी रहेको, दर्ता नम्बर ९५०३/०७८/०७९ बाट पञ्चपुरी-५, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री महेश प्रिन्टिङ्ग प्रस नामको प्राइभेट/साझेदारी उद्योग मेरो/ हाम्रो घरायसी /आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएकोछ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनाय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री यामकुमारी खड्का (थापा) धनी रहेको, दर्ता नम्बर ९९९६/०७९/०८० बाट वी.न.नपा-१०, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री थापा कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/ हाम्रो घरायसी /आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएकोछ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## इन्फ्लुएन्जा (फ्लू)बाट सुरक्षित रहौं

### इन्फ्लुएन्जा (फ्लू) भनेको के हो ?

इन्फ्लुएन्जालाई बोलीचालीको भाषामा फ्लू भनिन्छ। यो इन्फ्लुएन्जा भाइरसका कारणले लाग्ने संक्रामक रोग हो। जाडो महिनामा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैंसे र वृद्धवृद्धा समेत सबै उमेरका व्यक्तिहरुलाई फ्लू लाग्न सक्छ।

### फ्लू कसरी सर्छ ?

फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ। ती छिटा सासबाट फोक्सोमा पनि जान सक्छन्। भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लू लाग्न सक्छ।

### फ्लूका लक्षण के हुन् ?

- ज्वरो आउनु
- खोकी लाग्नु र घाँटी दुख्नु
- टाउको दुख्नु
- नाक बन्द हुनु वा सिँगान बग्नु
- जिउ र मांसपेशी दुख्नु
- थकान महसुस हुनु

( फ्लू भएका सबैलाई ज्वरो नआउन पनि सक्छ )

### फ्लू रोकथाम कसरी गर्ने ?

- बिरामी भएका व्यक्तिहरूसँग भौतिक दूरी राख्ने
- खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने
- शारीरिक रूपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- आफ्नो आँखा, नाक वा मुख नछुने

फ्लू भएका अधिकांश व्यक्तिहरूलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधिहरू आवश्यक पर्दैन। दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिले स्वास्थ्यकर्मीको निगरानी वा सम्पर्कमा रहनुहोला।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य सेवा निर्देशनालय**
वीरेन्द्रनगर, सुर्खेत

## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN **कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।**



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझ्ने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

## हटलाइन मर्मत सेवा फोन गर्नुहोस। समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा।
६) पाथरुम, शौचालय मर्मत सेवा।
७) कोठा सार्ने गाडी सुविधा।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि

२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल | साधारण | टेबल
के तपाई **२०८१** सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?

भवानी छापाखाना
DIGITAL COLOUR PRINTER



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
**Multicolour Printing Machine**
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
☎: 083-521615, 9858067999

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **प्रधान कार्यालय**: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।